आ.व.२०८३/८४
बैठकः गाउँ कार्यपालिका
अध्यक्षता : गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्री

बैठक संख्याः१/२०८३/०८४
मिति : २०८३/०४/२७
स्थानः झि.गा.पा. सभाहल
समय : दिनकोः ११:०० बजे

झिमरुक गाउँ कार्यपालिकाको बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम, थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | गा.पा. अध्यक्ष | झि.गा.पा.-३ | अध्यक्ष |
| | प्रमोद पोखेल | गा.पा. उपाध्यक्ष | झि.गा.पा.-३ | सदस्य |
| | ध्रुबराज खनाल | वडा अध्यक्ष | झि.गा.पा.-१ | सदस्य |
| | कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झि.गा.पा.-२ | सदस्य |
| | मिनबहादुर खत्री | वडा अध्यक्ष | झि.गा.पा.-३ | सदस्य |
| | सिताराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा.-४ | सदस्य |
| | दधिराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा.-५ | सदस्य |
| | धन बहादुर पुन | वडा अध्यक्ष | झि.गा.पा.-६ | सदस्य |
| | कृष्ण बहादुर जि.सी. | वडा अध्यक्ष | झि.गा.पा.-७ | सदस्य |
| | तुलस बहादुर बस्नेत | वडा अध्यक्ष | झि.गा.पा.-८ | सदस्य |
| | संगिता परियार | द. महिला वडा सदस्य | झि.गा.पा.-८ | सदस्य |
| | पार्वता बि.क. | द. महिला वडा सदस्य | झि.गा.पा.-४ | सदस्य |
| | तुलसा के.सी. | महिला वडा सदस्य | झि.गा.पा.-४ | सदस्य |
| | कल्पना थापा (एम.सी.) | महिला वडा सदस्य | झि.गा.पा.-३ | सदस्य |
| | चोप बहादुर बि.क. | अल्पसख्यक सदस्य | झि.गा.पा.-१ | सदस्य |
| | हरी सुनार | अल्पसख्यक सदस्य | झि.गा.पा.-४ | सदस्य |
| | मित्रु गिरी | का.वा अध्यक्ष | झि.गा.पा.-६ | सदस्य |
| | बेगम पोखेल | का.वा अध्यक्ष | झि.गा.पा.-७ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | झि.गा.पा. | सचिव |

अन्य उपस्थिति/आमन्त्रित

| नाम | पद |
|---|---|
| हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (प्रशासकीय अधिकृत ) |
| अरविन्द महत | आर्थिक प्रशासन शाखा प्रमुख |
| दामोदर उपाध्या | का.स. |

२०८३/०४/२७

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १ गत बैठकको तथा गाउँसभा बैठकको समिक्षा सम्वन्धमा ।
निर्णय नं १
प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८३/३/२६ गते बसेको बैठकबाट गाउँ सभाको २० औ अधिवेशनको तेस्रो बैठकका कार्य सूची तयार स्वीकृत गरिएकोमा स्वीकृत कार्य सूची अनुसार सभा सम्पन्न भएको, झिमरुक गा.पा.को आ.व. २०८२/८३ को असार २५ गतेसम्मको आय व्यय विवरण सम्बन्धी छलफल भएको झिमरुक गाउँपालिकाको कार्यालयबाट आ.व. २०८२/८३ को अन्तिम चौमासिकमा भए गरेका योजना तथा विकास निर्माणका कार्यहरुको मिति २०८३/३/३१ गते दिनको ११:०० बजे सार्वजनिक सुनुवाई गर्ने मिति तय गरिएकोमा सोही अनुसार निर्धारित मिति र समयमा सार्वजनिक सुनुवाई सम्पन्न भएको, स्थानीय सेवातर्फका कर्मचारीहरुको हकहितको लागि कर्मचारी कल्याण कोष कार्यविधिको मस्यौदा तयार गर्ने निर्णय अनुसार मस्यौदा तयारीको प्रक्रियामा रहेको, नायव पशु सेवा प्राविधिक श्री दिपेश महतराको लोक सेवा आयोगको कार्यालय बुटवलबाट सोही पद र तहमा पदपूर्तिको लागि सिफारिस भई नआउन्जेलसम्मको लागि सेवा करारमा निरन्तरता दिईएको र गाउँसभाको २० औं अधिवेशन अन्तर्गत विभिन्न मितिको लागि तय गरिएको बैठकहरु र उक्त बैठकका कार्य सूचीहरु सभामा पेस भई पारित भएको हुँदा पारित निर्णयहरू कार्यान्वयन गर्दै लैजाने लगातका विषयमा समिक्षा गरियो ।

प्रस्ताव नं २ विभिन्न आयोजनाहरुको ठेक्का सूचना निकाल्ने सम्बन्धमा ।
निर्णय नं. २
प्रस्ताव नं २ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व.२०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय वमोजिमका योजना /कार्यक्रमहरुको कार्यान्वयनको लागि नियमानुसार ठेक्का प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।
(क) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान)

आ.व. २०८३/८४देखि आ.व.२०८५/८६ सम्म सञ्चालन हुने झिमरुक रिङ्गरोड कालोपत्रे बहुवर्षीय योजनाको ठेक्का मार्फत निर्माण कार्य सञ्चालन गर्न देहाय वमोजिमको खण्ड निर्धारण गर्ने निर्णय गरियो ।
देहाय

| वडा नं. | सडक खण्ड |
|---|---|
| १ | विड्डाडा दोबाटा गहतेरा खण्ड |
| २ | थापचौरफेदी काउले चिप्लेटी |
| ३ | नब्वे बाझाडीही |
| ४ र ५ | चुधाराफेदी पोखरीचौर हुँदै ठूलापधेरा |
| ६ | भण्डारी पोखरा विष्टटोला हुँदै नेटा |
| ७ र ८ | हुङ्गाडखोला स्याउलीघारी गब्दी |

ख) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान)

बाग्दुला बतासेडाँडा मच्छी लामासेरा झिमरुक गा.पा.पहुँचमार्ग अन्तर्गत (घुम्नेठाटी ज्यामुरखोला मच्छी खण्ड कालोपत्रे ) आ.व. २०८३/८४ देखि आ.व.२०८५/८६ वहुवर्षिय योजनाको लागि विनियोजन भएको रकम रु ७,००,००,०००। (अक्षरेपी सात करोड) रकमको नियमानुसार ठेक्काको प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

२०८३/०४/२३
अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

ग) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान)

आ.व.२०८३/८४ को लागि प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान अन्तर्गत स्वास्थ्य संस्था पूर्वाधार निर्माण तथा खोप क्लिनिक भवन निर्माण आयोजना

घ) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान)

आ.व.२०८३/८४ को लागि संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान शीर्षकमा प्राप्त रकमबाट आधारभूत अस्पताल सञ्चालनको लागि प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाउने ।

- झिमरुक गाउँपालिका भित्र रहेका आधारभूत स्वास्थ्य संस्थाहरुमा गुणस्तर सुधारको लागि उपकरणप्रयोगशाला , औषधी र सैया खरिद तथा पूर्वाधार निर्माण ,सामाग्री ।

ङ) पशु औषधि खरिद

च) चिस्यान केन्द्रको लागि जेनेरेटर खरिद

छ) सबै वडा कार्यालय र स्वास्थ्य संस्थामा ब्याकअप व्यवस्थापन

ज) आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी (क्याल्सियम चक्की, आईरन चक्की र नसर्ने रोग सम्बन्धी औषधी) र सर्जिकल सामाग्री खरिद

झ) कार्यालयमा एयर कण्डिसन जडान

ञ) मसलन्द तथा कार्यालय सामाग्री खरिद

ट) स्वीकृत गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय पूर्वाधार विकासतर्फको भवन निर्माण

ठ) सामुदायिक विद्यालयमा शैक्षिक कार्यक्रम अनुदान अन्तर्गत माध्यमिक विद्यालयहरुमा डिजिटल सिकाईका लागि स्मार्ट बोर्ड (Smart Board)व्यवस्थापन र सञ्चालन

ड) नदीजन्य पदार्थको ठेक्का लगाउने

झिमरुक गाउँपालिकाका तपसिल बमोजिमका उत्खनन क्षेत्र/घाटहरूबाट आ.व. २०८२/८३ मा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा संकलन) कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेख भए बमोजिम तपसिलमा उल्लिखित परिमाणमा ठेक्का खोल्न तत्कालै आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं | उत्खनन क्षेत्र / घाटहरूको नाम | ठेगाना | परिमाण (घन मि.) | खण्ड संख्या |
|---|---|---|---|---|
| १ | झिमरुकखोला खमारीघाट क्षेत्र (१)<br>झिमरुकखोला खमारीघाट क्षेत्र (२) | झिमरुक – ३ र ८ | ३७९२.६० | १ |
| २ | झिमरुक खोला बालुवा लामासेरा क्षेत्र | झिमरुक – ३, र ८ | १५८७६.६० | २ |
| ३ | झिमरुक गर्तङ दोभान, छाप्रे क्षेत्र र गर्तङ खोला (बालुवा) क्षेत्र | झिमरुक – १, ५ र ७ | ३०३८.०० | ३ |
| ४ | झिमरुक खोला चिसावाङ रातटारी क्षेत्र (१)<br>झिमरुक खोला चिसावाङ रातटारी क्षेत्र (२)<br>झिमरुक खोला गुडगुडे रह क्षेत्र (१)<br>झिमरुक खोला गुडगुडे रह क्षेत्र (२) | झिमरुक – ६, र ७ | ३१८०.१० | ४ |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ३ चालु आ.व.२०८३/८४ का आयोजनाहरुको कार्यान्वयन प्रक्रिया र निर्माण कार्य सुरु गर्ने सम्बन्धमा ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८३/८४ का स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समाविष्ट विकास आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनलाई प्रभावकारी, पारदर्शी र समयबद्ध रूपमा अगाडि बढाउने निर्णय गरियो। साथै उपभोक्ता समिति गठन, लागत अनुमान तयारी र सम्झौताको प्रक्रिया तत्काल अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४ विविध सम्वन्धमा ।

विविध ४ (क) आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं. (क)

प्रस्ताव नं ४ विविध (क) माथि छलफल गर्दा रक्तिम अभियान काठमाडौंले २०८३ भाद्र २१ गते वरिष्ठ राजनितिज्ञ तथा साहित्यकार मोहनविक्रम सिंहद्धारा लिखित १२ मई नाटक काठमाडौंको प्रज्ञा भवनमा प्रदर्शन गर्ने भएकोले आर्थिक सहयोग गरिदिने सम्बन्धी मिति २०८३ साउन २५ गतेको पत्रानुसार उक्त कार्यक्रमको प्रायोजक (क) अन्तर्गतको रकम रु २५,०००।- अक्षेरेपि (पच्चिसहजार रुपैया) आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

विविध ४ (ख) झिमरुक गाउँपालिका कृषि विपद् कोष सञ्चालन कार्यविधि, २०७७ पहिलो संशोधन स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. ४ (ख)

प्रस्ताव नं ४ विविध (ख) झिमरुक गाउँपालिका क्षेत्रभित्र पर्न सक्ने सम्भावित कृषि तथा पशुपन्छी क्षेत्रको क्षति, महामारी, प्राकृतिक प्रकोप तथा आपत्कालीन जोखिमलाई सम्बोधन गर्न हाल कार्यान्वयनमा रहेको "कृषि विपद् कोष सञ्चालन कार्यविधि, २०७७" लाई परिमार्जन/ संशोधन गरी पशुपन्छी सम्बन्धी व्यवस्था समेत समावेश गर्न आवश्यक देखिएकाले:

१. साबिकको "झिमरुक गाउँपालिका कृषि विपद् कोष सञ्चालन कार्यविधि, २०७७" को नाम समेत संशोधन गरी उक्त कार्यविधिमा कृषि क्षेत्रको साथसाथै पशुपन्छी विकास, महामारी नियन्त्रण, आकस्मिक पशुपन्छी क्षतिपूर्ति तथा राहत सम्बन्धी आवश्यक नीतिगत तथा कार्यगत व्यवस्थाहरू थप गरी तयार पारिएको **"झिमरुक गाउँपालिका कृषि तथा पशुपन्छी विपद् कोष सञ्चालन कार्यविधि, २०७७ "(पहिलो संशोधन) 2083**बैठकमा छलफल भई सर्वसम्मत रूपमा स्वीकृत गरियो।

विविध ४ (ग) योजनाको म्याद थप सम्बन्धमा ।

निर्णय नं. (ग)

प्रस्ताव नं ४ विविध (ग) माथि छलफल गर्दा यस कार्यालयबाट Ward no 8 ko Rumghas, Dihalna Drinking Water Supply Constrution Project, IFB No. JRM/NCB/WORKS/06/2079/080 सम्बन्धी कार्यको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक पोर्टल bolpatra.gov.np/egp मार्फत आ.व.२०७९/८० मा ठेक्का आह्वान गरी श्री मकालु कन्स्ट्रक्सन झिमरुक–६, प्युठान बीच सम्झौता भई निर्माणको ६५ प्रतिशत भौतिक प्रगति समेत भई निर्माण कार्य सम्पन्न नहुँदै निर्माणको कार्य स्थगित भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को १५ औं संशोधनको नियम १२० (क) बमोजिम सम्झौताको म्याद थप गरी निर्माण कार्य सुचारु गर्न श्री मकालु कन्स्ट्रक्सन झिमरुक–६, प्युठानकोले मिति २०८३/०४/१९ गते पेस गरेको म्यादथप सम्बन्धी निवेदनमा छलफल भई उत्तः योजनाको मिति २०८३ साल साउन २७ गतेदेखि मिति २०८३ कार्तिक मसान्तसम्मको लागि नियमानुसार म्याद थप गर्ने प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

...रराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

विविध ४ (घ) विद्युतिय सामाग्री ( कम्प्युटर ल्यापटप तथा सूचना प्रविधि उपकरण ) र सवारी साधन प्रयोग, संरक्षण तथा व्यवस्थापन सम्बन्धी आचारसंहिता , २०८३ सम्बन्धमा ।

निर्णय नं. (घ)

प्रस्ताव नं ४ विविध (घ) माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा उपलब्ध गराइएका विद्युतिय सामाग्रीहरु कम्प्युटर, ल्यापटप, प्रिन्टर, इन्टरनेट, अन्य सूचना प्रविधि (IT) उपकरण र सवारी साधनहरूको सुरक्षित, मितव्ययी, मर्यादित र व्यवस्थित प्रयोग सुनिश्चित गर्न आवश्यक देखिएका हुँदा विद्युतिय सामाग्री ( कम्प्युटर ल्यापटप तथा सूचना प्रविधि उपकरण ) र सवारी साधन प्रयोग, संरक्षण तथा व्यवस्थापन सम्बन्धी आचारसंहिता,२०८३ को मस्यौदा माथि छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

विविध ४ (ङ) बुहक्षेत्रीय विकास समन्वय समिति गठन तथा सञ्चालन (मस्यौंदा) कार्याविधि,२०८३ सम्बन्धमा ।

निर्णय नं. (ङ)

प्रस्ताव नं ४ विविध (ङ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाभित्रका नागरिकहरूलाई गुणस्तरीय र सर्वसुलभ सेवाको पहुँच सुनिश्चित गर्न स्वास्थ्य, शिक्षा, सडक, सिचाई, भवन, कृषि, पशुपन्छी, खानेपानी, सरसफाइ, बन वातावरण तथा विपद्, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लगायतका क्षेत्रहरुलाई समेटी एकीकृत रूपमा विकास गर्न स्थानीय सरकार र अन्य सरकारी तथा गैर सरकारी निकायहरु विच समन्वय र सहकार्य गरी कार्यक्रम कार्यान्वयनमा एकरुपता र प्रभावकारीता ल्याउन तयार गरिएको बुहक्षेत्रीय विकास समन्वय समिति गठन तथा सञ्चालन (मस्यौंदा) कार्याविधि,२०८३ माथि छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

विविध (च) व्याक हो लोडर मर्मतको खर्च भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ४ (च)

प्रस्ताव नं. ४ विविध (च) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको नाममा रहेको व्याक हो लोडर सर्भिसिङ तथा मर्मत गर्दा भएको खर्च अनुमोदन गरी देहाय वमोजिमको रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

देहाय

| क्र.सं. | सवारी चालकको नाम र पद | व्याक हो लोडर नं. | मर्मत गर्नु पर्ने भएको कारण | लागत अनुमान अनुसार खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | चुमान पुन (व्याक हो लोडर चालक) | बा. प्र. ०१-००१ ग ४३०० | नियमित सिर्भिसिङ्ग, विभिन्न पाटपुर्जाहरू परिवर्तन र मर्मत | ७,४९,८९०। |

विविध (छ) कार्यालयको सवारी साधन मर्मत सम्बन्धमा ।

निर्णय नं. ४ (छ)

प्रस्ताव नं. ४ (छ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको नाममा रहेका चारपाङ्ग्रे सवारी साधन मर्मत गर्दा झिमरुक गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८२ मा व्यवस्था भएको रकमको सीमा भन्दा बढी मर्मत खर्च हुन गएकोले सवारी साधन मर्मत गर्दा भएको खर्च अनुमोन गरी देहाय वमोजिमको रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

देहाय

| क्र.सं. | सवारी चालकको नाम र पद | सवारी नं. | मर्मत गर्नु पर्ने भएको कारण | लागत अनुमान अनुसार खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | सरद रोका (हलुका सवारी चालक) | बा १ झ ४५४६ | टायर, विभिन्न पाटपुर्जाहरू परिवर्तन र मर्मत गर्नुपर्ने | ६,५३,९४८। |

अमररजि सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**विविध (ज) प्राइभेट फर्म नवीकरण सम्बन्धमा ।**

**निर्णय नं. ४ (ज)**

प्रस्ताव नं. ४ विविध (ज ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको प्राइभेट फर्म सम्बन्धी (पहिलो संशोधन ) कार्यविधि, २०७७ को दफा ७ को उपदफा ४ बमोजिम नवीकरण गराउने अवधि समाप्त भएको मितिले ३ महिनासम्म दोब्बर दस्तुर लिई त्यस्तो फर्म नविकरण गर्न सकिने, सोही कार्यविधिको दफा ७ को उपदफा ५ मा सो म्याद भित्र पनि कुनै प्राइभेट फर्म नवीकरण नगराएमा गाउँपालिकाले प्राइभेट फर्म खारेजीको कारवाही गर्न सक्ने छ भन्ने व्यवस्था रहेकोमा यस झिमरुक गाउँपालिकाको कार्यालयमा दर्ता/अभिलेख रहेका वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरी सञ्चालनमा रहेका वा दर्ता भई सञ्चालनमा नरहेका प्रचलित कानुन बमोजिम सञ्चालन अनुमति लिनुपर्ने बाहेकका प्राइभेट तथा साझेदारी फर्महरूले नवीकरण गर्न वा खारेज गर्न चाहेमा १ पटकको लागि मिति २०८३ सालको पुस मसान्तभित्र झिमरुक गाउँपालिकाको प्राइभेट फर्म सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ को दफा ७ को उपदफा ३ र ४ बमोजिमको दस्तुर लिई नवीकरण गर्ने सर्वसम्मत निर्णय गरियो । साथै सो को जानकारीको लागि सार्वजनिक सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध (झ) मच्छी सौतामारे पुर्कोट गुल्मी सडक सम्बन्धमा ।**

**निर्णय नं. ४ (झ)**

प्रस्ताव नं. ४ विविध (झ ) माथि छलफल गर्दा संघीय सहरी विकास मन्त्रालय अन्तर्गत सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय दाङ्गबाट कार्यान्वय हुने गरी आ.व.२०८३-८४को लागि बाग्दुला मच्छी सौतामारे पुर्कोट गुल्मी सडक झिमरुक गाउँपालिका प्युठान र बाग्दुला दम्ति वाहाने सडक नैवहीनी गाउँपालिका प्युठानको क्र.स. ३५२९ LMBIS Code 11.4.1.52 50 मा रु ३ करोड एकमुष्ठ विनियोजन भएकोमा उल्लिखित २ वटा आयोजना मध्ये बाग्दुला मच्छी सौतामारे पुर्कोट सडकको मच्छी सौतामारे खण्डमा मदन भण्डारी राजमार्ग आयोजना कार्यालयबाट ठेक्का लगाई विगत २ वर्षदेखि कालोपत्रे हुने गरी कार्य अगाडि बढिरहेको हुँदा बाग्दुला मच्छी खण्ड भित्र पर्ने बाग्दुला बतासेडाँडा र बतासेडाँडा चिसावाङ्ग खण्ड संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा ठेक्का प्रक्रिया बाट कालोपत्रे हुने गरी कार्य भैरहेकोले बाग्दुला मच्छी सौतामारे सडकको चिसावाङ्ग ज्यामुरखोला खण्ड करिव १.५ कि.मि. खण्डमा बजेट अभावका कारण ठेक्का लाग्न बाँकी रहेकोले उल्लिखित २ वटा सडकको लागि विनियोजन भएको रु ३ करोड मध्ये रु २ करोड चिसावाङ्ग ज्यामुर खोला खण्डमा कालोपत्रेको तहमा काम हुने गरी यस पालिकासँग समन्वय गरी कालोपत्रेको तहमा स्टमेट गरी यसै आ.व.मा कालोपत्रे सम्पन्न हुने गरी प्रक्रिया अगाडि वढाउन सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय दाङ्गलाई लेखी पठाउने सर्वसम्मत निर्णय गरियो।

**विविध (ञ) ज्यालादारीमा सुपरभाईजर राख्ने सम्बन्धमा ।**

**निर्णय नं. ४ (ञ)**

प्रस्ताव नं. ४ विविध (ञ ) माथि छलफल गर्दा चालु आ.व.२०८३/८४ को लागि विनियोजन भई कार्यान्वयनमो तहमा रहेका विभिन्न आयोजनाहरुको गुणस्तर कायम राख्न नियमित रुपमा निर्माण स्थलमा रही रेखदेख गर्नुपर्ने आवश्यकता भएकोले सो कार्य गर्नको लागि कन्टेन्जेन्सी बापत कट्टी हुने रकमबाट पारिश्रमिक बेहोर्ने गरी ज्यालादारीमा सुपरभाईजरको व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो ।

उपरोक्त निर्णयहरु गर्दै आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ बमोजिम प्रमाणित गर्दछु ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner